**आकाशवाणी**

03.06.2025 Tuesday

**प्रमुख समाचार:**

- **प्रमुख रक्षा अध्यक्ष अनिल चौहानले भारत, आतंक र परमाणु** blackmail **को छायामा बाच्ने छैन भनि स्पष्ट तवरमा बताउनुभएकोछ।**
- **केन्द्रिय स्वास्थ्य तथा परिवार कल्याण जेपी नड्डाले नीतिले समावेशी र समग्र स्वास्थ्य सेवा प्रणालीहरूलाई प्रमुखता दिने भन्नुभएकोछ।**
- **प्रधानमन्त्री नरेन्द्र मोदीले असम र सिक्किमका मुख्यमंत्रीहरूसित बाढ़ि, पहिरो र पानी परेको स्थितिको समीक्षा गर्दै हरसंभव सहायता दिइने आशवसन दिनुभयो।**
- **आईपीएल 2025 ले आज आफ्नो नया विजेता पाउने भएकोछ। अहमदाबादमा रोयल च्यालेन्स बेगलुरू र पंजाब किंगस बीच भीड़न्त भई रहेको छ।**

CDS – **पाक**

प्रमुख रक्षा अध्यक्ष अनिल चौहानले भारत, आतंक र परमाणु blackmail को छायामा बाच्ने छैन भनि स्पष्ट तवरमा भन्नुभएकोछ। पाकिस्तानलाई सरकार प्रायोजित आतंकवाद रोक्नु पर्नेछ, उहाँले भन्नुभयो। जनरल चौहानले पाकिस्तानको तर्फबाट चलाई रहेको छद्म युद्धलाई अब सहन गरिने छैन भन्नुभयो। उहाँले सावित्री बाई फूलो पूणे विश्वविद्यालयमा भविष्यको युद्ध र युद्ध शैलीबारे दिइएको व्याख्यानमा सो कुरा भन्नुभयो। उहाँले भारतीय सेनाको नयाँ रणनीतिको उल्लेख गर्दै भन्नुभयो, भारतीय सेवाले सैन्य अभियानहरूमा आतंकवादलाई पानी जस्तो महत्वपूर्ण संसाधन सित जोड़ेको छ।

**इण्डिया गठबंधन**

इंडिया गठबंधनका सहयोगी दलहरूले पहलगाम हमला र अपरेशन सिन्दूर अन्तर्गत आतंकवाद विरूद्ध भारतको प्रतिक्रियाबारे संसदमा विशेष सत्र बोलाउने मांग गरेकोछ। इण्डिया गठबंधनको आज नयाँ दिल्लीमा आयोजित बैठक पछि कंग्रेस सांसद दीपेन्द्र सिंह हुड्डा ले मीडियालाई, यस संबधमा 16 राजनीतिक दलहरूले प्रधानमन्त्री नरेन्द्र मोदीलाई पत्र लेखेको बताए।

**कर्नाटक नड्डा**

केन्द्रिय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जे पी नड्डाले नयाँ स्वास्थ्य नीतिले समावेशी र समग्र स्वास्थ्य सेवा प्रणालीहरूलाई प्रमुखता दिने भन्नुभएको छ। यसमा रोगको रोकथाम, उपचारात्मक र वृद्धावस्था हेरचाह तथा स्वास्थ्य शिक्षालाई बढ़ावा दिनुमा ध्यान केन्द्रित गरिनेछ। श्री नड्डाले आज कर्नाटकको बेलगानीमा KLE एकेडमी अफ Higher Education And Research को 15 औं दीक्षान्त समारोहमा भन्नुभयो, देशभरिमा एक लाख 77 हजार आयुष्मान आरोग्य मन्दिरहरू खोलिएका छन्। रोगहरूको निदान र रोकथामका लागि सामूहिक जाँच गरिनुसकियोस् भनि यी आरोग्य मन्दिरहरू खोलिएका हुन्।

**लद्दाख आरक्षण विनियमन**

राष्ट्रपति द्रौपदी मुर्मुले जम्मू कश्मीर आरक्षण अधिनियम 2004 मा संशोधन संबधी एक विनियमलाई मंजूरी दिनुभएकोछ। यसमा के प्रापधान छ भने आर्थिक रूपले कमजोड़ वर्गहरूका लागि आरक्षण बाहेक अन्य आरक्षणहरूको कुल प्रतिशत कुनैपनि पाराले 35 प्रतिशत भन्दा बढ़ि हुन सक्तैन।

**वित्त मन्त्री** DRI **मुख्यालय**

केन्द्रिय वित्तमन्त्री निर्मला सीतारमनले आज नयाँ दिल्लीमा राजस्व गुप्तचर निदेशालय DRI मुख्यालयको नयाँ भवनको उद्धाटन गर्नुभयो । यस अवसरमा राजस्व गुप्तचर निदेशालय राष्ट्रीय आर्थिक मोर्चामा प्रमुख संरक्षक हो, उहाँले भन्नुभयो। तस्करी, लागू

पदर्थहरूको ओसार प्रसार अथवा अवैध व्यापार जस्ता खतराहरूबाट देशको रक्षा गर्नमा DRI को भूमिकाबारे श्रीमती सीतारमले DRI भारतको राष्ट्रीय सुरक्षा तन्त्रमा एक मजबूत कड़ी हो भन्नुभयो।

UNESCO- IT

Electronics र सूचना प्रोद्यौगिकी विभागका उपर सचिव अभिषेक सिंह आज भन्नुभएकोछ, भारतको AI रणीतिको उदेश्य, स्वदेशी प्रोद्योगिकीहरूको निर्माण गर्नु AI लाई भारतका लागि काम गर्ने योग्य बताउनु र AIअनुप्रयोगहरूको निर्माण गर्नु हो। नयाँ दिल्लीमा AI तयारी मूल्यांकन पद्धति बारे UNESCO को हितधारकहरूका साथ परामर्श बैठकलाई संबोधित गर्दै श्री सिंहले AI प्रौद्योगिकीहरूले आम मानिसको जीवनमा परिवर्तन ल्याउन पर्छ भन्नुभयो।

**प्रधानमन्त्री पूर्वोत्तर बाढ़**

प्रधानमन्त्री नरेन्द्र मोदीले पूर्वोत्तरमा मूसलधार वर्षा, पहिरो र बाढ़िका कारण उत्पन्न स्थित्बारे असमका मुख्यमन्त्री हिमन्त बिश्व शर्मा र सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङसित कुराकानी गर्नुभयो। श्री मोदीले प्रभावित राज्यहरूलाई हरसंभव सहायता र समर्थन दिने आश्वासन दिनुभएको छ।

श्री शर्माले राज्य सरकारद्वारा चलाई रहेको राहत अभियानसित प्रधानमन्त्रीलाई अवगत गराउनुभयो।

सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङले राज्यमा पहिरो र बाढ़िको स्थितिबारे प्रधानमन्त्रीको चिन्ता र समर्थनका लागि आभार प्रकट गर्नुभयो। राज्यले प्रशासन स्थितिलाई संभाल्नु अनि प्रभावित मानिसहरूलाई सबै आवश्यक सहायता प्रदान गर्नका लागि पूर्ण प्रतिबद्ध रहेको श्री तामांङले भन्नुभयो।

**सिक्किम स्थिति**

भारतीय वायुसेनाले मूसलधार वर्षाले गर्दा पहिरो अनि बाढ़ि प्रभावित सिक्किममा बचाव र उद्दार कार्य शुरू गरेकोछ। भारतीय वायुसेनाले उत्तरी सिक्किमको छत्तेनमा फंसेका नागरिकहरूलाई बचाएको छ। मंगन जिल्लामा फंसेका पर्यटक र घायल सैन्यकर्मीहरूलाई निकाल्नका लागि हेलीकप्टरहरू तैनाथ गरिएकाछन्। NDRF ले भारतीय वायुसेनाका साथ मिलेर दुईवटा NDRF भारतीय वायुसेनाका साथ मिलेर दुईटा MI हेलीकप्टरहरूलाई खट्टाई घायल सैनिक, उनका परिवार र पर्यटकहरूलाई बचाएकोछ।
मंगनमा स्थितिको आंकलन गर्नका लागि सिक्किमका मुख्य सचिव आर तेलंगले गान्तोकमा एक उच्च स्तरीय समीक्षा बैठकको अध्यक्षता गर्नुभयो र सबै एजेन्सीहरूलाई उद्दार कार्यहरूमा पूर्ण सहयोग दिने निर्देश दिनुभयो। राज्यपाल ओम प्रकाश माथुर पनि स्थितिमाथि नजर राख्नु आज सिंगताम जानु भयो।

**अरूणाचल –वर्षा**

अरूणाचल प्रदेशमा अविरल वर्षाले गर्दा संपूर्ण राज्यमा सामान्य जन जीवन अस्त- व्यस्त भएकोछ राज्य आपदा प्रबन्धन विभागका अनुसार हिजो साँझ सम्म वर्षा संबधित घटनाहरूमा 12 जनाको मृत्युभएकोछ।

**मौसम**

मौसम विभागले असम, मेघालय, मिजोराम, मणिपुर नागालैण्ड र त्रिपुरा लगायत पूर्वोत्तर भारतमा orange alert जारी गरेकोछ। आकाश्वाणी समाचारसित कुरा दर्दै मौसम विभागका वैज्ञानिक डा आर .के जेनामणिले आगामी दुई दिनमा पूर्वोत्तर राज्यहरूमा मूसलधार वर्षा हुने अनि त्यसपछी यसको तीव्रता कम हुने बताए।

**भारत नेपाल पर्वतारोहण**

नेपालका रक्षा मन्त्री मनबीर राईले विश्वास व्यक्त गर्दै नेपाल- भारत संयुक्त कंचनजंघा पर्वतारोहण अभियानले दुवै देशका संबधहरूलाई थप दरिलो पार्ने भन्नुभएको छ। अभियान टोलीका सदस्यहरूले नेपाल सेनाको मुख्यालयमा रक्षा मन्त्री तथा थल सेनाध्यक्ष निर्मल थापालाई अभियानको झण्डा सुम्पे। यस टोलीमा नेपाल सेनाका दल तथा भारतीय सेवाका पाँच जवान शामेल थिए।

## आईपीएल

इण्डियन  प्रिमियर लीग आईपीएल 2025 ले आज आफ्नो नयां विजेता पाउने भएकोछ। रोयल च्यालेन्जर्स बेंगलुरू र पंजाब किंगसको सामना, अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा भई रहेकोछ। टस जीतर पंजाब किंगसले पहले बलिङ गर्ने निर्नणय गरेको छ।

## इंडोनेशिया ओपन

दुई पटककी Olympic पदक विजेता P.V सिन्धु  आज जकार्तामा Indonesia open को महिला singlesको Pre Quarter Single मा पुगेकी छिन्। उनले जापानकी Nozomi Okuhara लाई पहिलो चरणमा 22-20, 21-23, 21-15 ले पराजित गरिन्। सात्विकसाईराज रन्की रेड्डी र चिराग शेट्टीको पुरूष Doubles जोड़ीले पनि Round of 16 मा प्रवेश गरेका छन्। भारतीय खेलाड़ीहरू भएको  Mixes Doubles मैचहरू भोलि खेलिनेछन्।